# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## प्युठान नगरपालिका
## प्यूठान

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## प्युठान नगरपालिका
## प्यूठान

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

प्युठान नगरपालिका

प्यूठान

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्रयाई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ७५

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू ,

प्युठान नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

प्युठान ।

१. **कैफियत सहितको राय** — हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ७ करोड ५ लाख ७५ हजार बेरुजू देखिएको छ । सो मध्ये बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २६ लाख ९९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६६ लाख ३८ हजार, नियमित गर्नुपर्ने रु. ६ करोड १२ लाख ३८ हजार समेत गरी यस वर्ष रु. ७ करोड ५ लाख ७५ हजार बेरुजू कायम रहेको छ । नगरपालिकाको गतवर्ष सम्मको रु. ३ करोड १३ लाख ८२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १० करोड १९ लाख ५७ हजार रहेको छ । नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने प्युठान नगरपालिकासँग हामी स्वतन्त्र

छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी प्युठान नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(घनश्याम पराजुली )**
**नायब महालेखापरीक्षक**

## प्युठान नगरपालिका, प्युठान जिल्ला,

### १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५७ | ८३ | ७०५७५ | ० | ० | ० | ५७ | ८३ | ७०५७५ | २६९९ | ६१२३८ | ६६३८ | ० | ० | ६७८७६ | ० |

### २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| प्युठान नगरपालिका, प्युठान जिल्ला, | ३१३८२ | ० | ० | ३१३८२ | ० | ७०५७५ | १०१९५७ |

### ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | | | ० |
| | चालु वर्षको जम्मा | | | ० |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | | | ० |
| | २०७७।७८ | | | ० |
| | गत विगतको जम्मा | | | ० |
| | कुल जम्मा | | | ० |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

१ **(क) परिचय**-स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १० वडारहेको छ भने क्षेत्रफल १२८.९६ वर्ग किलोमिटर तथा ४२१३०जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षण**-यस पालिकाको आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

**(ग) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(घ) लेखापरीक्षणको क्षेत्र र अवधि** :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।०७ देखि २०८०।०५।१३ सम्म रहेको छ ।

**(ङ)लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(च) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित

लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(छ) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. १६ करोड ५२ लाख ५२ हजार, आय - व्ययतर्फ रु. ७७ करोड ३ लाख ५३ हजार गरी जम्मा रु. ९३ करोड ५६ लाख ५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

## २ वित्तीय विवरण परीक्षण

२.१ वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| विवरण | यस वर्ष रु. | | गत बर्ष |
|---|---|---|---|
| | बजेट | जम्मा | जम्मा |
| प्राप्ती (क+ख) | ८५,१८,०४,२४५.०० | ६४,९९,९९,४६२.८६ | ७०,६७,१३,४९९.२६ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ८४,८६,४४,०००.०० | ६४,३५,७२,३०२.१० | ६८,२३,२४,७५५.७९ |
| ११००० कर | १५,८५,०५,०००.०० | १२,५१,८५,६६४.१० | १४,३७,८०,२४५.७९ |
| १३००० अनुदान | ५८,२४,२२,०००.०० | ५१,६१,४२,१२५.०० | ५३,५६,९१,०००.०० |
| संघीय सरकार | ४९,६५,९३,०००.०० | ४५,१०,७९,४३१.०० | ४६,८८,७१,०००.०० |
| प्रदेश सरकार | ८,५८,२९,०००.०० | ६,५०,६२,६९४.०० | ६,६८,२०,०००.०० |

| | | | |
|---|---|---|---|
| १४००० अन्य राजस्व | ० | २२,४४,५१३.०० | २८,५३,५१०.०० |
| ३२००० वित्तीय सम्पत्ति | १०,७७,१७,०००.०० | ० | ० |
| ख. अन्य प्राप्ति | ३१,६०,२४५.०० | ६४,२७,१६०.७६ | २,४३,८८,७४३.४७ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० |
| कोषहरु | ३१,६०,२४५.०० | ३८,४१,१८७.७६ | २,२१,५६,७२८.४७ |
| धरौटी | ० | २५,८५,९७३.०० | २२,३२,०१५.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ८५,१८,०४,२४५.०० | ६९,६१,६१,७७६.६२ | ५९,५६,६८,०९१.२५ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ८४,८६,४४,०००.०० | ६९,२७,९३,३७९.६२ | ५८,२५,४७,२४८.२५ |
| २१००० पारिश्रमिक / सुविधा | २८,९४,०१,०००.०० | २५,५४,६८,४४४.६२ | २१,०५,७६,७८०.०० |
| २२००० मालसामान तथा सेवाको उपयोग | २१,९३,४५,०००.०० | १७,१२,२२,५७५.०० | १३,३९,५०,५९२.२५ |
| २५००० सहायता (Subsidy) | ४,४९,३०,०००.०० | ४,१९,७०,२३३.०० | ६,५९,२६,०७४.०० |
| २७००० सामाजिक सुरक्षा | ९९,५०,०००.०० | ८३,१७,९४०.०० | २,४५,६३,६१६.०० |
| २८००० अन्य खर्च | १८,००,०००.०० | १७,५६,९१५.०० | १४,८४,५५४.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २८,३२,१८,०००.०० | २१,४०,५७,२७२.०० | १४,६०,४५,६३२.०० |

| | | | |
|---|---|---|---|
| ३२००० वित्तीय सम्पत्ति | ० | ० | ० |
| घ. अन्य भूक्तानी | ३१,६०,२४५.०० | ३३,६८,३९७.०० | ५९,५६,६८,०९१.२५ |
| कोषहरु | ३१,६०,२४५.०० | ९,४०,०००.०० | ९८,५२,४८८.०० |
| धरौटी | ० | २४,२८,३९७.०० | ३२,६८,३५५.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (४,६१,६२,३१३.७६) | ११,१०,४५,४०८.०१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | १२,०३,५२,९३८.२६ | ८,५९,६८,६६७.७२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ७,४१,९०,६२४.५० | १९,७०,१४,०७५.७३ |
| | | | |
| बैंक तथा नगद बाकी | | ७,४१,९०,६२४.५० | १८,८३,५०,५१२.२ |

सैद्धान्तिक बेरुजु

२.२ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु १६ करोड १५ लाख ३५ हजार , गरिवसगं विशेश्वर कार्यक्रममा रु. ६ लाख १० हजार भाषा तथा संस्कृति कार्यक्रममा रु ३१ लाख ७ हजार समेत गरी रु १६ करोड ५२ लाख ५२ हजार सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्रमा प्रविष्टि गरी वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.३ फरक हिसाब - यस पालिकाले सुत्रबाट तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७२) र कार्यालयबाट पेश भएको एकीकृत आर्थिक विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु ११३७६१६१, यस वर्षको प्राप्ति रु. ८२६९३७४ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १२०३५२९३८ | ६४९९९९४६२ | ६९६१६१७७६ | ७४१९०६२४ |
| एकीकृत आर्थिक विवरणअनुसार | १०८९७६७७७ | ६५८२६८८३६<br><br>(अन्तरसरकारी अख्तियारी बाहेक) | ६९६१६१७७६ | ७४१९०६२४ |
| फरक | ११३७६१६१ | ८२६९३७४ | ० | ० |

सैद्धान्तिक बेरुजु

२.४ फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन(म.ले.प.फा.नं.२७२) श्रेस्ता अनुसारको बर्षान्तको मौज्दात रु १८८३५०५११।२७ र अनुसूची २४ मा श्रेस्ता अनुसारको मौज्दात रु १८८३५०५१२।२७ रहेकोमा यो वर्षको (म.ले.प.फा.नं.२७२) मा गत वर्षको जिम्मेवारी रु. १२०३५२९३८।२६ देखिएको छ । जस अनुसार गत वर्षको मौज्दातभन्दा यस वर्ष सुत्रमा रु. ६७९९७५७३।०१ घटी मौज्दात जिम्मेवारी देखिएको मध्ये आकस्मिक कोषको आम्दानी रु २४६०२४५।२६ र राजस्व फिर्ता (बेरूजु खातामा) बापतको रकम रु ६५५३७३२८।७५ आर्थिक वर्ष २०७९।८० मा फिर्ता भएको जनाएको छ ।

सैद्धान्तिक बेरुजु

२.५ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दातमा

देहायअनुसार रु. ५९६०१३७.२१ फरक देखिन्छ । म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैकं मौज्दात बीच हिसाब मिलान गर्नु पर्दछ ।

| खाताको नाम | श्रेस्ता अनुसार २०७९ असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७९ असार मसान्तको बाँकी |
|---|---|---|
| सञ्चित कोष | ५९७५५६९९।७४ | ५९७५५६९९।७४ |
| स्थानीय तह आकस्मिक कोष | २५२०२४५।२६ | २५२०२४५।२६ |
| | | |
| विविध खर्च खाता | ३८०९४२।५० | ३८०९४२।५० |
| प्रकोप व्यवस्थापन कोष खाता | | |
| धरौटी खाता | ११५३३७३७।०० | ११५३३७३७।०० |
| जम्मा | ७४१९०६२४।५० | ७४१९०६२४।५० |

सैद्धान्तिक बेरुजु

३ **बजेट तथा कार्यक्रम**

३.१ आवधिक योजना - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.२ बजेट सीमा निर्धारण समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्ने ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेतापनि तोकिएको समयमा कार्यसम्पादन गरेको देखिएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.३ बजेट तथा कार्यक्रम तर्जुमा: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.४ बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु. ८४ करोड ६ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।२८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३.५ बजेट अवण्डा - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष रु २४५००००००|०० अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजना तथा कार्यक्रममा खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र सं | योजनाको नाम | बजेट / खर्च | कैफियत |
|---|---|---|---|
| १ | मेयर उपमेयर कार्यक्रम | १००००००००|०० | हिँउदे अधिवेशनबाट बन्डा गरी खर्च |
| २ | समपुरक कोष | १४५०००००|०० | निर्णय बमोजिम खर्च गर्नेगरी एकमुष्ट विनियोजन |
| ३ | वडाभित्रका सम्पुर्ण खापा ट्याङ्की मर्मत र पाईपलाइन विस्तार | २५००००००|०० | |
| ४ | वडा नं १० को सम्पूर्ण बाटो मर्मत | ११७०००००|०० | |

सैद्धान्तिक बेरुजु

३.६ योजना प्राथमिकीकरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार १० वडाको लागि वडागत र पालिकास्तरका कुल ३६४ योजनामा वजेट विनियोजन गरेको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १७७ | ३३ | १४० | ४ |
| २. | वडास्तरीय | १८७ | ० | ० | १८७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३४१ योजनामात्र कार्यान्वयन भई २३ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.७ लक्ष्य प्रगति : कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन ।पालिकाले कार्यान्वयन भएका योजनाको भौतिक तथा वित्तीय प्रगति देखिने एकिकृत प्रगति विवरण तयार गरेको छैन ।सुत्रमा बजेट विनियोजन र खर्चको वित्तीय प्रगति मात्र देखिन्छ । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति वित्तीयमात्र** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | ३६४ | २३ | ० | २ | ३३९ |

सैद्धान्तिक बेरुजु

३.८ वार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु २१ करोड ४० लाख ५७ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ४ आन्तरिक नियन्त्रण प्रणाली

४.१ आन्तरिक लेखापरीक्षण - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्ने तथा आवस्यक कारवाही गर्ने लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको प्रतिवेदन पालिका प्रमुख समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण बार्षिकरुपमा गरी लेखापरिक्षण अवधिमा मात्र प्रतिबेदन पेश गरेको छ। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको प्रतिवेदन पालिका प्रमुख समक्ष पेश गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.२ आन्तरिक नियन्त्रण प्रणाली- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सवल रहेकोमा विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

वजेट व्यवस्थापन तर्फ

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,

• आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरेता पनी कार्यक्रम सञ्चालन गर्दा सोको पालना नगरेको,

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको,

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकिकृत दिर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन नगरेको,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।

भ्रमण खर्च व्यवस्थापन तर्फ

• भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरुको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण खुलाई भ्रमण पश्चात भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख भएको भ्रमण प्रतिवेदन लिने नगरेको,

खरिद व्यवस्थापन तर्फ

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको छैन,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वयन गर्नुपर्नेमा सो अनुसार गरेको छैन

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने नगरेको,

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मुल्याकंन नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको,

शिक्षातर्फ

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वयन पुस्तिकानमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन पूर्ण रुपमा नभएको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

विविध तर्फ

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिइएको,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको ,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फछ्र्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम सवै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत नगरेको,

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो

• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74 (2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

अतः बजेट, आमदानी, खर्च र सेवा प्रवाह सम्बन्धमा रहेका जोखिम नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **आन्तरिक आय**

५.१ आय अनुमान - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर लगायत आम्दानीको अनुमान गरेको पाइएन भने एकिकृत सम्पत्ति कर वापत अनुमानित रु. ३ करोड प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. २ करोड ५५ लाख ३२ हजार अर्थात अनुमान भन्दा १४.९० प्रतिशत घटि आय प्राप्त गरेको छ । आम्दानीको अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५.२ आन्तरिक आय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ

। पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ६९२७९३३७९।०० | २५५३२१०७।०० | ३.६९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.६९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५.३ कर तथा शुल्क असुली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ३००००००००।०० | २५५३२१०७।०० | ८५.१० |
| घरजग्गा वहाल कर | ० | ० | ० |
| व्यवसाय कर | ० | ० | ० |
| वहाल विरौटी शुल्क | ० | ० | ० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५.४ व्यवसाय कर - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत बार्षिक अनुमान तथा असुली गरेको देखिएन । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ६ **खर्चको अवस्था**

६.१ क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा) | खर्च प्रतिशत (बजेट विनियोजनमो तुलनामा) |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५३४४०००० | ३७८८०९२८ | ५.४७ | ७०.८८ |
| २ | पूर्वाधार विकास | १६७१९८००० | १२०८२८३६१ | १७.४४ | ७२.२७ |
| ३ | सामाजिक विकास | ४६०१७२००० | ४०९१५३८५५ | ५९.०६ | ८८.९१ |
| ४ | वित्तीय विकास | २८२१८५०० | २३५७१०९० | ३.४० | ८३.५३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | तथा सुशासन | | | | |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १३९६१५५०० | १०१३५९१४५ | १४.६३ | ७२.६० |
| कुल जम्मा | | ८४८६४४००० | ६९२७९३३७९ | - | ८१.६४ |

पालिकाले कुल बजेट विनियोजनको तुलनामा ८१.६४ प्रतिशतमात्र खर्च गरेको छ । त्यस्तै सभाले विनियोजन गरेको बजेट मध्ये कुल खर्चको तुलनामा सामाजिक विकासमा सबैभन्दा बढी ५९.०६ प्रतिशत र वित्तीय विकास र सुशासनमा सबैभन्दा घटी ३.४० प्रतिशत खर्च गरेको छ । पालिकाले क्षेत्रगत रुपमा सन्तुलन कायम गरी बजेट विनियोजन एवमं खर्चको व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६.२ खर्च बिश्लेषणः पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु २५५३२१०७।०० राजस्व बाँडफाँड र अनुदानबाट रु ६१८०४०१९४।०० समेत रू ६४३५७२३०१।०० आम्दानी भएकोमा चालु तर्फ रु ४७८७३६१०७।०० र पूँजिगत तर्फ रु २१४०५७२७२।०० समेत रु ६९२७९३३७९।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.६९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू १३९०७२४०।०० खर्च भएको छ जुन आन्तरिक आयको ५४.४७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७७.४६ प्रतिशत चालु र ३४.६३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६.३ चौमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले चौमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने

व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | |
| पुँजीगत खर्चतर्फ | २१४०५७२७२ | ९६९१०० | २६७६१७८० | १८६३२६३९२ | ११४३४३२८२ |
| प्रतिशत | १०० | ०.४५ | १२.५० | ८७.०५ | ५३.४२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक कुल रु. २१४०५७२७२।०० पूँजीगत खर्च भएकोमा प्रथम चौमासिकमा रु. ९६९१०० (०.४५ प्रतिशत), दोस्रो चौमासिकमा रु. २६७६१७८० (१२.५० प्रतिशत) र तेस्रो चौमासिकमा रु. १८६३२६३९२ (८७.०५ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ११४३४३२८२ (५३.४२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ७ संगठन तथा कर्मचारी व्यवस्थापन

७.१ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत, शिक्षा अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७.२ स्वीकृत दरबन्दी भन्दा फरक दरवन्दीमा कार्यरतः कार्यलयबाट प्राप्त भएको विवरणअनुसार इन्जिनियर ७/८ तहको स्थायी दरवन्दी-१ मा छैँठौं तहको कर्मचारी र शिक्षा ७/८ तहको स्वीकृत दरबन्दी-१ मा छैठौं तहको कर्मचारी तथा हाल स्रोत व्यक्ति पद नरहेको अवस्थामा मुक्ति मावि रातामाटामा कार्यरत शिक्षकले सम्वन्धित विद्यालयमा अध्यापन गराउनु पर्नेमा नगरपालिका कार्यालयमा कार्यरत रहेको देखियो । स्वीकृत तह अनुसारको कर्मचारी पदपुर्ति गरी दरबन्दी अनुसारको जिम्मेवारी दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७.३ करार कर्मचारी व्यवस्थापन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले विभिन्न पदमा ८३ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु. २८१८५१११।०० खर्च लेखेको छ ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेक खर्च व्यहोर्ने श्रोतको सुनिश्चितता नगरी संगठन तथा व्यवस्थापन सर्वेक्षणविना अ.न.मी. ७, अहेव ६, असिस्टेन्ट सव इन्जिनियर २, सव इन्जिनियर २, खा.पा.स.टे. १ ना.प्रा.स कृषि ७, ना.प.शे.पा १, ल्याव असिस्टेन्ट २, पशु चिकित्सक १ समेत २९ जना करार कर्मचारीको बिगत बर्षदेखि म्याद थप गरी यस बर्ष तलब भत्ता बापत रु. १०९१०१६९।०० भुक्तानी गरेको छ । यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | १,०९,१०,१६९ |
|---|---|

७.४ तलवी प्रतिवेदन पारित नगरेकोः संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६/०५/१८, च.नं. १८० को परिपत्रको बुँदा नं ४ मा स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबि प्रतिवेदन पारित गरी तलब भत्ता लेख्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष यस नगरपालिकामा कार्यरत कर्मचारीहरुको तलवी प्रतिवेदन पास नगराई रु. ४ करोड ९४ लाख ७५ हजार तलब भत्ता खर्च लेखेको छ । अतः कानूनी व्यवस्था बमोजिम तलवी प्रतिवेदन पास गराएर मात्र तलब खर्च लेख्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७.५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय वडा सचिवको पदपूर्ति : पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १० | १० | १० | रिक्त नरहेको |

सैद्धान्तिक बेरुजु

८ **सेवा प्रवाह विवरण**

८.१ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

८.२ सेवा प्रवाहको स्थिति: स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्राधिकार विषयमा सेवा प्रवाह गर्नुपर्दछ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ ।

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | |
| **पञ्जिकरणतर्फ** | |

| | |
|---|---|
| जन्मदर्ता | ११९२ |
| मृत्युदर्ता | ४१६ |
| बसाईसराई दर्ता | २२२ |
| विवाह दर्ता | ६०९ |
| सम्बन्धविच्छेद दर्ता | २४ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ७८० मिटर |
| कालोपत्रे सडक मर्मत | |
| ग्राभेल सडक निर्माण | १००० मिटर |

सैद्धान्तिक बेरुजु

९ **कानून निर्माण एवं कार्यान्वयन**

९.१ कानून र सञ्चालन स्थिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ वटा ऐन, २ वटा नियमावली, ४ निर्देशिका, ५७ कार्यविधि तथा ५ कार्ययोजना समेत ८७ वटा कानुन निर्माण गरेकोमा सबै ऐन नियम कार्यविधिको पालना गरी कार्यान्वयन गरेको देखिएन । तसर्थ उक्त कानूनहरु कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९.२ न्यायिक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएको र यो वर्ष दर्ता भएका २४ मध्ये १० वटा मात्र फस्यौंट भई १४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

१० **बढि भुक्तानी**

१०.१ (१८/२०८०-३-७):- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । ।धर्मभक्त आधारभुत बिद्यालयको २ कोठे भवन निर्माण कार्यको लागत रु २९६२१६० मा पालीकाले रु २५ लाख बेहोर्ने गरी सम्झौता भइ कार्य मुल्यांकन रु २९७७१४९ हुदा रु २५३०५७५ भुक्तानी गरेको देखिएकोले सम्झौता भन्दा बढि रकम असुल गर्नुपर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ३०,५७५ |

१०.२ (१५/२०८०-३-३):- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिले खरिद गरी मुल्यांकन भएको निर्माण सामाग्रीको मात्र भुक्तानी गर्नुपर्ने ब्यबस्था छ। लाहरे टोल कमिरे पानी जिम खोला खानेपानी उ. स. वडा नं ८ लाइ एच. डि. पि . पाइप खरिद गरी बिच्छ्याउने कार्यको रु ३८३८९५ मुल्यांकन गरी रु ३२४९५० भुक्तानी गर्दा एच. डि. पि . पाइप ३२, २५ र २० एम. एम. को २००० मिटरको खरिदमा १९२० मिटरमात्र खन्ने र पुर्ने गरेकोमा ३२ एम एम को पाइप ८० मिटर प्रयोग भएको नदेखिएकोले उपभोक्ता समितिसँग मोज्दात भए प्रमाण पेश गर्ने अन्यथा बढि भुक्तानी रु ८४०० असुल गर्नुपर्ने

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ८,४०० |

१०.३ (२३/२०८०-३-१९):- सार्बजनिक खरिद नियमावली २०६४ को नियम १९ मा सार्बजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका ब्याक्ति फर्म सस्था वा कम्पनिबाट मात्र खरिद गर्नुपर्ने ब्यबस्था छ। त्यसै गरी आयकर ऐन २०५८ को दफा ८८ मा सेवा शुल्क भुक्तानी गर्दा मुल्य अभिबृद्धि करमा दर्ता भइ कर बिजक पेश भएकोमा १.५ प्रतिशत र बिजक पेश नभएको भुक्तानीमा १५ प्रतिशत अग्रीम कर कट्टी गर्नुपर्ने ब्यबस्था छ। पालिकाले प्यूठान नगरपालिकाको चौमासिक सार्वजनिक सुनुवाई बापत नेपाल पत्राकार महासंघलाइ कर बिजक बेगर रु ७७५०० भुक्तानी गर्दा १५ प्रतिशत रु ११६२५ कर कट्टी गर्नुपर्नेमा तेस्रो पक्षको अग्रीम कर रु ५३२० मात्र कट्टी गरेको देखिएकोले घटी कर रु ६३०५ असुल गर्नुपर्ने रु

| | असुल गर्नुपर्ने | ६,३०५ |
|---|---|---|

१०.४ (२४ र ६५/२०८०-३-२०):- सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११ मा निर्माण सामाग्रीको लागत अनुमान जिल्ला दररेटको आधारमा ढुवानी समेत जोडी तयार गर्नुपर्ने ब्यबस्था छ। उपभोक्ता समितिबाट गराउने कार्यमा समेत उपभोक्ताले जिल्ला दररेट भन्दा बढि नहुने गरी खरिद तथा ढुवानी गर्नुपर्दछ। खरीबोट लिफ्ट खानेपानी आयोजना उ स वडा न १० लाइ निर्माण कार्यको रु ३८१७०३५ कार्य मुल्यांकन गरी रु ३२३४९५० भुक्तानी गर्दा मुल्यांकन अनुसार ४ इन्च जि.आइ. हेभि पाइप ६ मिटरको २५ पिसको ढुवानी समेत रु ४७२६५८ तथा उपभोक्ता समितिले पेश गरेको सिद्धार्थ हार्डवयर प्रा.लि. बुटवलको बिल अनुसार मु अ कर बाहेक प्रति मिटर रु २२५० देखिन्छ भने जिल्ला दररेट अनुसार उक्त पाइपको प्रति मिटर रु २००७ देखिन्छ। जिल्ला दररेट भन्दा प्रति मिटर मु.अ.कर बाहेक रु २१८ का दरले १५० मिटरको रु ३२७०० को कार्य मुल्यांकन र भुक्तानी रकमको अनुपातिक हिसाबले उपभोक्तालाइ बढि भुक्तानी भएको रु २७७१४ असुल गर्नुपर्ने रु

| | असुल गर्नुपर्ने | २७,७१४ |
|---|---|---|

११ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|

१२ **जिन्सी निरिक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|

१३ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । लेखापरीक्षणको क्रममा

समस्याग्रस्त सहकारीको संख्या, कारण, उजुरी तथा गुनासो सम्बन्धी व्यहोरा माग गरेकोमा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१४ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१५ **जिन्सी दाखिला प्रमाण पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०० मा प्रत्येक कार्यालयले गत आर्थिक वर्षको मौज्दात, चालू आर्थिक वर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको मालसामान र बस्तुगत सहायताको रुपमा प्रमप्त गएको मालसामान समेत उल्लेख गरी कुल सम्पत्ति तथा जिन्सी मालसामानको परिमाण र मूल्य, चालू आर्थिक वर्षमा लिलाम, मिनाहा वा हस्तान्तरण भई खर्च भएको परिमाण र मूल्य तथा बाँकी जिन्सी मालसामानको परिमाण र मूल्य समेत खुलाई जिन्सी मालसामानको स्रेस्ता महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्ने व्यवस्था छ । पालिकाले वडा कार्यालयबाट खरिद भएका तथा वडा कार्यालय व्यवस्थापन वापत उपभोक्ता समितिबाट समेत खरिद गरेको जिन्सी पालिकाको मूल जिन्सी खातामा आम्दानी गरेको देखिएन । त्यस्ता जिन्सी वडा कार्यालयमा दाखिला भएको जनाएता पनि लेखापरीक्षण समयमा वडागत जिन्सी खाता पेश भएन । वडा कार्यालयको सम्पूर्ण जिन्सी पालिकाको जिन्सी खातामा आम्दानी गरी एकिकृत जिन्सी मौज्दातको विवरण तयार गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नु पर्दछ । नमुना छनौटको आधारमा परीक्षण गर्दा यसवर्ष निम्नानुसारका जिन्सी सामग्री खरिदको बिल संलग्न गरी बडा सचिव तथा वडा कार्यालय व्यवस्थापन उपभोक्ता समितिलाई भुक्तानी गरेको देखियो । कार्यालयको लागि आवश्यक जिन्सी सामग्री वडा कार्यालय कर्मचारी र निर्माण उपभोक्ता समितिबाट खरिद गर्ने कार्य नियन्त्रण गरी पालिकाबाट सार्वजनिक खरिद नियमावली अनुसार प्रतिस्पर्धा गराई खरिद गर्नुपर्दछ । खरिद भएका जिन्सी दाखिला गरी वार्षिक मौज्दातमा समावेश भएको प्रमाण पेश हुनुपर्ने रु बिस्तृतबिबरण अनुसुचिमा छ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,७७,७३३ |

**(विस्तृत विवरण बेरूजु दफा १५ सँग सम्बन्धित अनुसूची -२ मा संलग्न छ ।)**

१६ **गत बर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। नमुना छनौटबाट लेखापरिक्षण गर्दा पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी सालबसाली चालु खर्चमा समेत रु. ४५३९०५ भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.

| गो.भौ.मिति | खर्च बिबरण | भुक्तानी पाउने | भुक्तानी रकम | खर्च लेखांकन |
|---|---|---|---|---|
| ४८-२०७९।६।३० | गत आ.ब.को छुट | ए.बि.अर्डर एन्ड सप्लायर्स | ११४३९५ | बिबिध |
| २१-२०७९।६।१२ | गत आ.ब.को छुट | आयान ट्रेडर्स | ८७५०० | बिबिध |
| २१-२०७९।६।१२ | गत आ.ब.को छुट | इशान इन्फोसिस एन्ड सप्लायर्स | १५७०१० | बिबिध |
| २१-२०७९।६।१२ | गत आ.ब.को छुट | ग्यालेक्सी इन्टरनेशनल | ९५००० | बिबिध |
| जम्मा | | | ४५३९०५ | |

| | |
|---|---|
| अनियमित भएको | ४,५३,९०५ |

१७ **कार्यक्रमिक सहयोग तथा आर्थिक सहयोग** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले बिभिन्न जात्रा बर्वमा आर्थिक सहयोग, सामाग्री खरिद गरी बितरण जस्ता कार्यक्रममा रु. २४७७१४० भुक्तानी दिएको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ। बिस्तृत बिबरण अनुसुचिमा छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा १७ सँग सम्बन्धित अनुसूची -३ मा संलग्न छ ।)**

१८ **नापी किताबः -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले अन्तिम विलको भुक्तानी गर्दा हालसम्मको परिमाण देखिने गरी परिमाण नापीगरी अघिल्लो विलको परिमाण घटाई भुक्तानी हुनु पर्नेमा अन्तिम विलमा भएको कामको परिमाण मात्र नापी गरी भुक्तानी गरेको देखियो । मेजरमेन्ट बुकलाई लुज सिटको रुपमा तयार गरी रकम भुक्तानी गरिने विलमा संलग्न राख्नेभ गरेकोले दोश्रो तथा सो भन्दा पछाडीको रनिङ विल भुक्तानीमा नापी किताब अनुसारको खर्च, कट्टी र खुद भुक्तानी रकम भिडान गर्न सकिने अवस्था रहेन । यसबाट अघिल्लो रनिङ विलको भुक्तानी कटाउन छुट हुन गई दोहोरो भुक्तानी हुन सक्ने जोखिम रहेको छ । अतः दुई वा दुई भन्दा बढी रनिङ विल हुने निर्माण कार्यको रनिङ विलको अनिवार्य रुपमा नापी किताब (Measurement BooK) वा अन्तरिम भुक्तानी प्रमाणपत्र (IPC) तयार गराई निर्माण कार्यको नापजाँचलाई दुरुस्त र प्रभावकारी बनाइनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **जटिलसंरचना निर्माण -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ ।साथै नियमावलीको नियम ९७(१२) मा निर्माण कार्य सम्पन्न भएपश्चात सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समितिलाइ हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य तथा उपभोक्ता समितिलाइ हस्तान्तरण नहुने सरकारी भवन निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराइ नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गो भौ नं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ७।२०७९।१२।६ संघिय पुँजिगत | इश्वरिय सामुदायिक भवन निर्माण उ.स. | सामुदायिक भवन निर्माण | ९७०००० |
| २२-२०८०३।१९ संघिय पुँजिगत | जनता माध्यमिक भवन निर्माण उ.स. | बिद्यालय भवन निर्माण | ५०००००० |

| | | | |
|---|---|---|---|
| १९-२०८०३।१७ संघिय पुँजिगत | छेपाने लिफ्ट खानेपानी योजना उ स वडा न १० | बिद्युतिकरण कार्य | १२९४९५० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२० **एकमुष्ट बिनियोजन र नापीः -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ।पालिकाले योजना तथा कार्यक्रम स्वीकृत गर्दा कार्यक्रम तथा योजनको कार्यान्वयन स्थल , सडकको नाम र चेनेज सहित रकम बिनियोजन गर्नुपर्नेमा बिभिन्न, पालिकाभरी, वडाभरी भनी खर्च गरेको देखियो। यसबाट एउटै कामको दोहोरो भुक्तानी हुन सक्नेर बिभिन्न मोटरबाटोको स्थान र चेनेज नछुट्टाइ नापी गरेकोले नापी सहि र यथार्थ मान्न सकिएन।

| गो.भौ.मिति | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|
| ४६-२०७९।१०।२० न.पा. पुँजिगत | विभिन्न मोटरबाटो मर्मत वडा न ६ | ५८२००० |
| ४७-२०७९।१०।२० न.पा. पुँजिगत | वडाका सडकहरु सफाइ तथा मर्मत सुधार उ स वडा न २ | ६०१४०० |
| ४९-२०७९।१०।२२ न.पा. पुँजिगत | वडा स्तरिय मो बा मर्मत तथा संरक्षण उ स वडा न ८ | ९५५४५० |
| ५६-२०७९।१०।२३ न.पा. पुँजिगत | विभिन्न बाटाहरुको मर्मत संभार उ स वडा न ५ | ५८२००० |
| २६३-२०८०।३।३ न.पा. पुँजिगत | वडा भित्रका खानेपानी मर्मत समिती उ स वडा न ९ | २७७२५० |
| २७२-२०८०।३।७ न.पा. पुँजिगत | वडा भित्रका सडक नाली मर्मत उ नि स वडा न ३ | ६६९३६० |

| | | |
|---|---|---|
| ३३०-२०८०।३।२३ न.पा. पुँजिगत | वडा भित्रका सम्पूर्ण सिचाई कुलो मर्मत तथा निर्माण | ४५५४३६ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२१ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च -** पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु१४७०२०० भुक्तानी दिएको पाईयो ।उदाहरण निम्न छन। यस्तो कार्य नियन्त्रण हुनुपर्दछ।

| **गो. भो. र ब.उ.शि.न.** | **भुक्तानी पाउने संस्थाको नाम** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|
| २३-संघिय पुँजिगत | नेपाल पत्रकार महासंघ | प्यूठान नगरपालिकाको चौमासिक सार्वजनिक सुनुवाई | ७७५०० |
| ३५-प्रदेश पुँजिगत | बासुदेव पण्डित | विद्यालय कार्यक्रममा लेखा सम्बन्धि तालिम | २९६३२५ |
| ४५-प्रदेश पुँजिगत | बाल ज्योति आ वि | स्कुल शैक्षिक सामाग्री खरिद | १००००० |
| २१-प्रदेश पुँजिगत | भुमिश्वरी आ वि | कम्प्युटर मर्मत | ८०००० |
| ६४-प्रदेश पुँजिगत | क्षेत्र बिकाश मा.बि., जानकी मा.बि., मुक्ति मा.बि. बिष्णु कुमार थापा मगर र शंकर बहादुर बि.क. | मुख्यमन्त्री शैक्षिक सुधार अन्तरगत शिक्षकहरुको तलव भत्ता | २८८३५५ |
| ६-नगरपालिका पुँजिगत | वृदी कोट सराय नाच वडा न ६ | वृदी कोट सराय नाच | ५०००० |

| | | | |
|---|---|---|---|
| १९६-नगरपालिका पुँजिगत | ढाड खानेपानी तथा सरसफाइ आयोजना वडा न १ | कार्यलय छाप तथा सुचना परिचय पत्र तथा सामाग्रीको भुक्तानी | २१७०२० |
| २१६-नगरपालिका पुँजिगत | नेपाल पत्रकार महासंघ | डिजिटल पत्रकारीता तालिम | २७१५०० |
| २१७-नगरपालिका पुँजिगत | नेपाल पत्रकार महासंघ | सार्वजनिक सुनुवाइ र सहयोगको भुक्तानी | ६९०६० |
| २१७-नगरपालिका पुँजिगत | प्रगतिशिल पत्रकार संघ नेपाल | सार्वजनिक सुनुवाइ र सहयोगको भुक्तानी | २०४४० |
| जम्मा | | | १४७०२०० |

सैद्धान्तिक बेरुजु

२२ **अग्रीम कर**

२२.१ आयकर ऐन २०५८ को दफा ८७ मा कामदारले प्राप्त गरेको आयमा अनुसुचि -१ बमोजिम १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्ने ब्यबस्था भएकोमा पालिकाले निम्नानुसारको उपभोक्ता समितिबाट भएको कार्यमा जनसहभागिताको अंशको कामदारको ज्याला खर्चमा कर कट्टी गरेको नदेखिएकोले कर रकम असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्ने रु

| ब. उ. शि. न . | गो .भौ .मिति | योजनाको नाम | ज्यामी खर्च | कर रकम | कैफियत |
|---|---|---|---|---|---|
| संघिय पुँजिगत | ७-२०७९।१२।६ | इश्वरिय सामुदायिक भवन निर्माण उ.स. | १८२५०० | १८२५ | जनसहभागिताको अंशको |

| | | | | | |
|---|---|---|---|---|---|
| संघिय पुँजिगत | २२-२०८०।३।१९ | जनता माध्यमिक भवन निर्माण उ.स. | १४९३१०५ | १४९३१ | जनसहभागिताको अंशको |
| संघिय पुँजिगत | ३६-२०८०।३।३० | सिद्ध मा.बि. डुम्रीकाँडा ४ कोठे भवन निर्माण उ.स. | २६४३३०० | ६५४९ | कुल ज्यामि खर्च रु २६४३३०० मा रु १९८८४ कट्टी गरेको |
| जम्मा | | | | २३३०५ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,३०५ |

२२.२ (३०-२०८०-३-२३):- आयकर ऐन २०५८ को दफा ८७, ८८ र ८९ मा अग्रीम कर कट्टी गर्नुपर्ने ब्यबस्था छ । पालिकाले जानकी मा.बि.चितिखोलाको २ कोठे भवन निर्माण कार्यको रु २८४८४०३ कार्य मुल्यांकन गरी उपभोक्ता समितिलाइ रु २४२०००३ भुक्तानी गर्दा निम्नानुसारको ज्यामी ज्याला र सप्लायर्सको भुक्तानीमा अग्रीम कर कट्टी नगरी भुक्तानी गरेको देखिएकोले अग्रीम कर रकम असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु

| बिबरण | भुक्तानी पाउने | भुक्तानी रकम | अग्रीम कर |
|---|---|---|---|
| निर्माण सामाग्री खरिद | श्री.ए.कन्स्ट्रक्सन | १८७०००० | २४८२३ |
| डोर हाजिर | ज्यामी | ९०३५७० | ९०३५ |
| टेका फर्मा भाडा | बलीराम चौधरी | १५०००० | १५००० |
| वायरिङ | भोज बहादुर नेपाली | ३५००० | ५२५ |
| जम्मा | | २९५८५७० | ४९३८३ |

| असुल गर्नुपर्ने | ४९,३८३ |
|---|---|

२३ **अग्रीम कर**

२३.१ आयकर ऐन २०५८ को दफा ८८ मा परामर्श तथा सेवाशुल्क भुक्तानीमा कर विजक पेश गरेमा १.५ प्रतिशत र कर विजक पेश नगरेकोमा १५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायबमोजिमका सेवाशुल्क भुक्तानी गर्दा कर जिजक पेश नभएकोमा १५ प्रतिशत कर कट्टी गर्नुपर्नेमा कम कट्टी गरेको देखिएकोले घटी कर रकम असुली गर्नुपर्ने रु

| गों.भौ.नं.मिति | भुक्तानी पाउने | भुक्तानी रकम | कट्टी गरेको रकम | घटी कर रकम |
|---|---|---|---|---|
| ५०६-२०८०।०२।३० | दिपक पौडेल | १३०४०५ | १४०५ | १८१७६ |
| २३०-२०७९।११।१८ | विरेन्द्र कुमार मल्ल | १०९९९५ | ५८३५ | १०६६४ |
| जम्मा | | | | २८८४० |

| असुल गर्नुपर्ने | २८,८४० |
|---|---|

२३.२ (५५८-२०८०-३-१७):- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई मासिक प्रोत्साहन भत्ता वापत रु १२४२०००।०० भुक्तानी गरेकोमा आयकर ऐन २०५८ को दफा ८७ वमोजिम १ प्रतिशत अग्रिम कर कट्टी नगरर्को रु

| असुल गर्नुपर्ने | १२,४२० |
|---|---|

२४ **अग्रीम कर** - देउराली ढुङ्गेठाँटी सडकस्तर उन्नती उ.स.लाई रु २८५५२९४।०० कार्यमुल्याङ्कन गरी रु २४२५०००।०० भुक्तानी गरेकोमा उपभोक्ता समितिले सिमेन्ट, वालुवा, गिटी, ढुवानी वापत चिरञ्जिवी भण्डारीलाई ठाडो भरपाईबाट रु १ लाख भुक्तानी गरेकोमा आयकर ऐन २०५८ बमोजिम २.५ प्रतिशत अग्रिमकर कट्टी गरको नदेखिएकोले असुल गर्नुपर्ने कर रकम रु

| असुल गर्नुपर्ने | २,५०० |
|---|---|

२५ **बेदर्तासँग परामर्स सेवा** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा सार्वजनिक निकायले परामर्श सेवा भुक्तानी गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ती, फर्म, संस्था वा कम्पनीबाट मात्र गर्नपर्ने व्यवस्था गरेकोमा पालिकाले कम्प्युटर अपरेटर

दिपक पौडेलबाट निम्नानुसार परामर्श सेवा लाई रु ३२९२२५।००भुक्तानी गरेको देखिएकोले यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ।

| गो.भौ.नं मिति | खर्च विवरण | भुक्तानी रकम |
|---|---|---|
| ५२-२०७९।०६।३१ | कानुनी सेवा तथा परामर्श | १४००० |
| ४९८-२०८०।०२।२८ | कानुनी सर्वा तथा परामर्श | ७००० |
| ५०६-२०८०।०२।३० | कानुनी सेवा तथा परामर्श | २१०४०५ |
| २०३।२०७९।११।०४ | मनोसामाजिक परामर्श | ९७८२० |
| जम्मा | | ३२९२२५ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२६ **कर समायोजन प्रमाण** (५७-२०७९-९-६):- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । स्मृति इन्जिनियरिङ कन्सल्टेन्सीको बिजक नम्बर उल्लेख नभएको मु.क.द.न.६०५९१८२४५बिजकबाट मु.अ.कर रु २८१८६ समेत रु ४९०००० भुक्तानी लिएको देखिएकोले मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २८,१८६ |

२७ **संघिय शशर्तको बचत रकम** (९४-२०८०-३-५):- यस वर्ष नगरपालिकाले मृगौला प्रत्यारोपण गरेका, डायलासिस गराइरहेका, क्यान्सर रोगीलाइ रु ९४०००० बजेट निकासा भएकोमा रु. १३२०००० अनुदान दिएको देखियो। थप रकम ससर्त कार्यक्रमको मासु ऐन कार्यान्वयन कार्यक्रममा व्यवस्था भएको रु. तीन लाख असी हजार बाट लेखेकोले नगरपालिकाले मृगौला प्रत्यारोपण गरेका, डायलासिस गराइरहेका, क्यान्सर रोगी को थप सोधभर्ना प्राप्त हुने हुदा संघिय शशर्तको बचत रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,८०,००० |

२८ **अर्लिवड नेपाल**

२८.१ (१७१-२०८०-३-२७):

अग्रिम आयकर कट्टी नगरेको : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा ऐनको दफा ४६ बमोजिम गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने छ । साथै सार्वजनिक निकायले दश लाख रुपैया सम्मको काम गराउनको लागि त्यस्तो कामको उद्धेश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तीमा १५ दिनको समयावधी दिई राष्ट्रिय स्तरको वा स्थानीय स्तरको दैनिक समाचार पत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नु पर्नेछ भन्ने व्यवस्था छ । यस नगरपालिकाले कानून बमोजिम मू. अ. करमा दर्ता नभएको संस्था अर्लिवड नेपाल, प्यूठान मार्फत् महिला सशक्तीकरण सम्बन्धी कार्य गराई भुक्तानी गरेकोमा बिजक पेश गरेको देखिएन । आयकर ऐन अनुसार दर्तावाल करदाताले रीतपूर्वकको बिजक जारी गर्नुपर्ने र आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम बिल बिजक जारी नगर्ने करदातालाई १५ प्रतिशत अग्रिम आयकर कट्टा नगरी रु. २८५८५०५ अक्षेरुपी अठ्ठाइस लाख अन्ठाउन्न हजार पाँच सय पाँच भुक्तानी दिएको छ । अतः १५ प्रतिशतले हुन आउने अग्रीम आयकर रु. ४२८७७५ अक्षेरुपी चार लाख अठ्ठाइस हजार सात सय पचहत्तर असुल गरी दाखिला गर्नुपर्ने रु.

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ४,२८,७७५ |

२८.२ (१७१-२०८०-३-२७):- प्रतिवेदन शुल्क : अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ बमोजिम सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड बमोजिम प्रतिवेदकको पारिश्रमिक नगरपालिका स्तरमा एक दिनको भए १००० र एक दिन भन्दा बढीको कार्यक्रम भए अतिरिक्त थप ५०० हुने साथै प्रति कार्यक्रम रु. ३००० भन्दा बढी हुनुहुँदैन भन्ने व्यवस्था छ । अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ बमोजिम सबै प्रकारका गोष्ठी, तालिम सञ्चालनको प्रतिवेदन शुल्क बढीमा रु. ३००० तोकेकोमा न. पा. ले स्थानीय रुपमा सञ्चालन हुने तालिम गोष्ठीको लागि कार्य सञ्चालन मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याएको देखियो । उक्त मापदण्ड कार्यक्रम सञ्चालन भएको दिनको आधारमा प्रति दिन १५०० दिने व्यवस्था गरी अर्लिवड नेपाल, प्यूठानलाई एउटै कार्यक्रमको दिनको आधारमा प्रतिवेदन शुल्क रु. ३७५०० दिएको देखिएकोले अर्थ मन्त्रालयको मापदण्ड भन्दा बढी फरक मापदण्ड स्वीकृत गरी बढी व्यय भार पारेको रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ३४,५०० |

२९ **अनुगमन तथ कार्य सम्पन्न** (३३-२०७९-१२-२९):- बृहत बिजुवार साना शहरी खानेपानी उपभोक्ता तथा सरसफाई संस्थालाई यस वर्ष पालिकाले रु १० लाख आन्तरिक स्रोतबाट विल भरपाई वेगर अनुदान दिएकोमा अनुदान रकम के काममा खर्च भएको हो सो खर्चको उपयोग सम्वन्धमा यकिन गर्न अनुगमन तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | १०,००,००० |

३० **नन् फाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने तथा आयकर ऐन २०५८ अनुसार दर्ता भएको करदाताले प्रत्येक आर्थिक बर्षको आश्विन मसान्त (म्याद थप बाहेक) सम्म आयबिबरण बुझाउनुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु९१७१५ समेत रु ७९७२१५ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु आय बिबरण तथा मु.अ. कर विवरण नबुझाई मु.अ.कर तथा आय करमा नन्फाईलर रहेको पाइयो। कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले आय बिबरण तथा ७० प्रतिशत मुल्य अभिबृद्धि कर रु ६४२०१ समायोजन भएको प्रमाण पेश हुनुपर्ने रू

| गो.भौ.मिति | योजनाको नाम | सप्लायर्स | स्था.ले.न. | भुक्तानी रकम | मु.अ.कर रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ९-२०७९।१२।९ संघिय | धर्मभक्त आ वि मानागाउँ दुइकोठे भवन निर्माण | कृष्ण फिक्स चिम्नी इट्टा उद्योग (कर बिजक नम्बर ६०, ३२० र ३२८) | ६०७२०९१४७ | १८६४५० | २१४५० | आयकरमा २०७८।७९ र मु.अ.करमा २०७८ माघ देखि नन्फाइलर |
| ३१-२०८०।२।५ | भलवाङ धाइरेचौर मो बा स्तर उन्नति उ स | एन्जल निर्माण सेवा प्रा.लि. | | ६१०७६५ | ७०२६५ | आयकरमा २०७७।७८ र मु.अ.करमा २०७८ फाल्गुण देखि नन्फाइलर |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६४,२०१ |

३१ **अनुदान वितरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष आन्तरिक श्रोतबाट रु.५३८३१३५।०० संचालन अनुदान दिएको देखियो । पालिकाको यसवर्षको आन्तरिक श्रोतको आम्दानी रु २५५३२१०७।०० मात्र रहेको अवस्थामा संघीय र प्रदेश समानीकरण अनुदान तथा राजस्व बाँडफाँडको मौज्दात रकमलाई आन्तरिक श्रोत मानि सो रकमबाट विल भरपाई वेगर निम्नानुसार अनुदान दिएको देखिन्छ ।संघीय र प्रदेश सरकारबाट प्राप्त रकमबाट स्वीकृत कार्यविधि बेगर यस्तो अनुदान दिने कार्य नियन्त्रण गर्नुपर्दछ ।

| गोभौनं मिति | अनुदान वितरणगरिएको संस्था | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| २१२-२०७९।११।१० | स्वर्गद्बारी क्याम्पसव्यवस्थापन सहयोग | १५००००० |
| ३३३-२०७९।१२।२९ | वृहत विजुवार सानाशहरीखानेपानी उपभोक्ता तथा सरसफाई संस्था | १०००००० |
| ३३८-२०७९।१२।३० | झिमरुक क्याम्पसव्यवस्थापन वडा नं ८ | ५००००० |
| ५९०-२०८०।०३।१९ | प्यूठान अस्पताल विकाससमिति | २८३१३५ |
| १४१-२०७९।०९।२५ | वालविद्या मा वि प्राविधिक शिक्षा अनुदान | ६००००० |
| ५८८-२०७९।३।१९ | मुक्ति मा वि आवासीय छात्रावास संचालन अनुदान | १०००००० |
| ४९७-२०८०।०२।२८ | क्षेत्रविकास मा वि | ५००००० |
| | जम्मा | ५३८३१३५ |

सैद्धान्तिक बेरुजु

३२ **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले देहायबमोजिम सफ्टवेयर खरिद गरी रु ११४२१६०।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| गो भौ नंमिति | विवरण | आपुर्तिकर्ता | रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ३१६-२०७९।१२।२६ | रोड डिजाइनकालागिसफ्टवेयर खरिद | स्मार्टटेक सलुसन | १५०००० |
| ४५०-२०८०।०२।१० | इहाजिरी वडा कार्यालय | ऋषि ट्रैड एण्डसप्लायर्स | ९९२१६० |
| | जम्मा | | ११४२१६० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३३ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १० वडामा २० योजना सञ्चालन गरी यस वर्ष १२५ जनालाई औसत १०० दिनले ९९.६३ दिन रोजगारी उपलव्ध गराई रु. ७३८४६६०।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३४ **पदाधिकारी थप सुविधा** - लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १(क),१(ख),१(ग) मा उल्लेख भएको भन्दा बढी हुने गरी पदाधिकारी सुविधा दिन मिल्ने देखिदैन । त्यस्तै एउटै शिर्षकबाट दोहोरो सुविधा हुनेगरी भुक्तानी दिन मिल्दैन । पालिकाका मेयरले गाडि सुविधा र इन्धनवापतको रकम भुक्तानीसंगै यातायात वापत मासिक रु १२०००।०० का दरले २०७९ जेष्ठ देखि २०८० आषाढसम्म १४ महिनाको रु १६८०००।०० भुक्तानी लिएको पाइयो ।यसरी एउटै शीर्षकबाट दोहोरो सुविधावापतको यातायात खर्च शीर्षकमा भएक थप भुक्तानीको रकम असुली गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६८,००० |

३५ **सवारी साधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ ।

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मोटरसाइकल २ थान रु. ५८८७९९ बजेटबाट खर्च गरेको छ । सवारी साधन तथा भारी उपकरण सञ्चालन सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी सवारी साधन उपयोग गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३६ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु १९९७४९०।०० तथा विविध कार्यक्रम खर्चमा रु १४६३३४०।०० गरी कुल रु ३४६०८३०।०० खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३७ **शिक्षकको तलव भत्ता अनुदान** - अन्तर सरकारी वित्त ब्यबस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने ब्यबस्था छ । कार्यक्रम कार्यान्वयन पुस्तिकमा स्थानीय तहले कार्यरत शिक्षकको तलवभत्ता निर्धारण गर्दा केन्द्रको चलानी नं. १८९ मिति २०७६।११।१२ को पत्र र केन्द्रको वेभसाइटमा प्रकाशित विवरण अनुसार यकिन भएको दरबन्दीलाई शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६ अनुसार दरवन्दी मिलान र व्यवस्थापन कार्य अध्यावधिक गरी दरवन्दी मिलानबाट कायम भएको दरबन्दी शिक्षक अनुदान कोटा राहत र प्रविधिकधार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरूका लागि विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान उपलब्ध गराउने व्यवस्था छ । स्थानीय तहले कार्यान्वयन पुस्तिकाले तोके अनुसार दरवन्दी मिलान र व्यवस्थापन गरेको शिक्षक कर्मचारीको नियमानुसार पाउने तलवमान हिसाव गर्दा तलव भत्ता नपुग भएमा अनुसूची-१ बमोजिमको फाराम भरी २०७९ माघ मसान्तसम्म शिक्षा विकास तथा समन्वय इकाईमा पठाउने र शिक्षा विकास तथा समन्वय इकाईले जिल्लाका लागि स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटासँग भिडान गर्दा अप्राप्त हुने देखिएमा सिफारिस साथ २०७९ फाल्गुण महिनाको पहिलो हप्ताभित्र शिक्षा तथा मानव स्रोत विकाश केन्द्र पठाई निकाशा भए बमोजिम अनुदान दिनुपर्ने व्यवस्था कार्यान्वयन पुस्तिकाले गरेकोमा यस स्थानीय तहका लागि स्वीकृत दरवन्दी, शिक्षक अनुदान कोटा (राहत) र प्राविधिक धारतर्फका शिक्षक प्रशिक्षार्थीका लागि शसर्त अनुदान तर्फ बजेट व्यवस्था भई अनुदान उपलव्ध गराएकोमा स्थानीयतहले शिक्षक दरवन्दी मिलान व्यवस्थापन र विद्यार्थी संख्याको अनुपातको दरवन्दी यकिन नगरी शसर्तका अतिरिक्त यसवर्ष पालिका अन्तरगतका विद्यालयहरुलाई थप अनुदान गत वर्षको मौज्दात रकमबाट उपलब्ध गराएको देखियो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहलाई राजस्व बाँडफाँड-सघीय सरकारबाट प्राप्त हुने रकमबाट यस्तो विद्यालयको शिक्षक कर्मचारीको तलवभत्तामा खर्च गर्न मिल्ने कानुनी आधार नदेखिएकोले उक्त खर्च नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३,४१,६१,४३३ |

३८ **फरक शिर्षकबाट खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाको खर्चहरुको शिर्षक फरक पारी खर्च गरेको देखियो ।

| गोभौनं/मिति | स्वीकृतकार्यक्रम | लेखिएकोखर्च शीर्षक | रकम रु |
|---|---|---|---|
| ९४-२०८०।०३।०५ | दीर्घरोगीलाईआर्थिक सहायता | मासुजाँचऐन कार्यान्वयन कार्यक्रम | ३८०००० |
| १०३-२०८०।०३।१७ | पाठ्यपुस्तकअनुदान | तलव शीर्षक | ५७२००० |
| ६१७-२०८०।०३।२० | इन्धन | कर्मचारीपारिश्रमिक | ३४९९७० |
| ६२८-२०८०।०३।२० | इन्धन | कर्मचारीपारिश्रमिक | ३२५०२५ |
| ६५८-२०८०।०३।२२ | सवारीभाडा | कर्मचारीपारिश्रमिक | १६००० |
| ६७४/६७५२०८०।०३।२३ | दैनिकभ्रमण भत्ता | कर्मचारीपारिश्रमिक | २८१०९१ |
| ३०२-२०७९।१२।२३ | वडा नं ७कोइन्धन र सुत्केरीभत्ता | कर्मचारीपारिश्रमिक | ५६६०९ |
| ५२५-२०८०।०३।०५ | करारकर्मचारीको तलव भत्ता | कर्मचारीपारिश्रमिक | ११५३३३८ |
| १७१-२०७९।१०।१० | भ्रमण खर्च | वडा नं ९ मेलाव्यवस्थापन | ८००० |
| २११-२०७९।११।१० | अत विपन्नवालवालिका बीमा | पाइप खरिदवडा नं १० | ९०५७५ |
| जम्मा | | | ३२३२६०८ |

यसरी एउटा शिर्षकबाट खर्च हुनुपर्नेमा अर्को शिर्षकबाट खर्च लेखिएको नियमसंगत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३२,३२,६०८ |

३९ **उपभोक्ता समितिलाइ मु अ कर** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई लागत अनुमानमा समावेश भएको मूल्य अभिवृद्धि कर कट्टी गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिबाट हुने कार्यमा निर्माण कार्यमा प्रयोग हुने सिमेन्ट, रड, साल काठ ,जस्ता पाता र ईट्टामा मूल्य अभिवृद्धि कर जोडी लागत अनुमान तयार गरी सोही वमोजिम संझौता गरेकोमा कार्यमूल्यांकन पश्चात मूल्यांकन भएको परिमाणमा खपत भएको निर्माण सामाग्रीमा समावेश भएको मूल्य अभिवृद्धि कर भन्दा घटी रकमको मूल्य अभिवृद्धि कर तिरेको कर विजक पेश हुँदा समेत मूल्यांकन अनुसारको पुरै रकम भुक्तानी दिएको देखिएकोले उपभोक्ताले वास्तविक तिरेको भन्दा बढी मुल्य अभिबृद्धि कर रकम असुल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,४४,३४१ |

**(विस्तृत विवरण बेरूजु दफा ३९ सँग सम्बन्धित अनुसूची -४ मा संलग्न छ ।)**

४० **अग्रीम कर** - आयकर ऐन २०५८ को दफा ८८ मा सेवाशुल्क भुक्तानीमा कर विजक पेश गरेमा १.५ प्रतिशत र कर विजक पेश नगरेकोमा १५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसारका सुचना प्रकाशन वापत भुक्तानी गर्दा कर विजक पेश नभएकोमा १५ प्रतिशत कर कट्टी गर्नुपर्नेमा १.५ प्रतिशत मात्र कट्टी गरेको देखिएकोले घटी कर रकम असुली गर्नुपर्ने रु

| गों.भौ.नं.मिति | भुक्तानी पाउने | भुक्तानी रकम | घटी कर रकम |
|---|---|---|---|
| ३३२-२०७९।१२।२९ | सुपा देउराली समाचार पत्र | १०००० | १३५० |
| २८६-२०७९।१२।१२ | रेडियो स्वर्गद्बारी FM | १५००० | २०२५ |
| १९२-२०७९।१०।२४ | नालीबेली मिडिया प्रा.लि. | १०००० | १३५० |
| १२-२०७९।०६।०६ | सुपादेउराली समाचार पत्र | १५००० | २०२५ |
| ८६-२०७९।०८।०६ | रेडियो स्वर्गद्बारी FM | १०५०० | १४१५ |

| | | | |
|---|---|---|---|
| नु२१७-२०७९।११।११ | जनपाटी मिडिया प्रा.लि. | १९००० | २५६५ |
| २१७-२०७९।११।११ | फररपत्र राष्ट्रिय द्बिमासिक | १०००० | १३५० |
| २३०-२०७९।११।१८ | प्राणमञ्च राष्ट्रिय दैनिक | १०००० | १३५० |
| २३०-२०७९।११।१८ | सामुदायिक रेडियो माण्डवी | १०००० | १३५० |
| जम्मा | | | १४७८० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,७८० |

४१ **वडा कार्यालय ब्यबस्थापन**

४१.१ (२७६-२०७९-१२-९):- वडा तहको विपत व्यवस्थापन वापत शारदा ट्रेडर्स एण्ड सप्लायर्सबाट ३*१*१ साइजको ५२ थान, २*१*१ को ४४ थान, १*१.५*१ को २९ थान गरी कुल १२५ थान खरिद गरी रु ६४२४९०।०० भुक्तानी गरेको देखिएकोले उक्त ग्याविन उपयोग पुष्टी हुने कार्यमुल्याङ्कन पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,५२,४९० |

४१.२ (४७६-२०८०-२-२९):- वडा कार्यालय व्यवस्थापन खर्चः पालिकाले वडा कार्यालय व्यवस्थापनका लागि आवश्यक जिन्सी सामग्री सार्वजनिक खरिद नियमावली अनुसार खरिद गरी पालिकाको मुल जिन्सी खातामा आम्दानी बाँधी वडा कार्यालयलाई हस्तान्तरण गरी सहायक जिन्सी खाता अध्यावधिक गर्नुपर्नेमा नमुना छनौट अनुसार लेखापरीक्षण गर्दा वडा कार्यालय व्यवस्थापन उपभोक्ता समिति गठन गरी वडा कार्यालय व्यवस्थापन उपभोक्ता समिति वडा नं ५ लाई राज अर्डर एण्ड सप्लायर्सको विल संलग्न गरी खरिद गरीएको सामान पालिकाको मूल जिन्सी खातामा आम्दानी नगरी उपभोक्ता समितिलाई रु ६७९००० भुक्तानी गरेको देखिएकोले जिन्सी सामान पालिकाको जिन्सी खातामा आम्दानी गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,७९,००० |

४२ **सोझै खरिद**

४२.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा सम्भव भएसम्म खरिद प्रकृयामा सवैलाई सहभागी हुन समान अवसर प्रदान गर्न वोलपत्र आव्हन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) मा रु. १० लाखसम्म

लागत अनुमान भएको मालसामान, परामर्श सेवा र निर्माण कार्य सोझै खरिद गर्नु परेमा एकै आर्थिक वर्षमा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थावाट सो सीमा भन्दा वढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले ऐनको उल्लेखित व्यवस्था उपर ध्यान दिई शिलवन्दी दरभाउपत्र र वोलपत्रको माध्यमवाट खरिद गर्नु पर्नेमा सोझै खरिद विधि अपनाई खरिद गर्ने गरेकोले खरिद कार्य स्वच्छ, मितव्ययी र नियमसंगत छ भनी विश्वस्त हुन सकिएन । यस बर्ष फर्निचर फिक्सचर्समा रु १४९६५५८ र मसलन्द कार्यालय सामाग्रीमा रु ३८४९६६९ पत्रपत्रिका सुचना प्रकाशनमा रु २३७१५०० गरी रु ७७१७७२७ एउटै सप्लायर्सबाट पटक पटक समेत खरिद गरेको देखियो। सोझै खरिद कार्यमा नियन्त्रण गरी शिलवन्दी दरभाउपत्र र वोलपत्र आव्हान गरी प्रतिस्पर्धा गराई मितव्ययी र पारदर्शी रुपमा गर्न तर्फ ध्यान दिनुपर्दछ । सोझै एउटै सप्लायर्सबाट खरिद गरेको उदारण निम्न छन्।

| गो भौ न | बिबरण | सप्लायर्स | भुक्तानी |
| --- | --- | --- | --- |
| ७९-२०७९।७।२३ | मसलन्द तथा कार्यालय सामाग्री | सुसिला ट्रेड सप्लायर्स समेत ६ | २४८३५० |
| ६३४-२०८०।३।२१ | मसलन्द तथा कार्यालय सामाग्री | सुसिला ट्रेड सप्लायर्ससमेत ३ | |
| १८९-२०७९।१०।२२ | मसलन्द तथा कार्यालय सामाग्री | राज डेकाेर हाेम समेत ३ | ३७७८०० |
| २३६-२०७९।११।१९ | मसलन्द तथा कार्यालय सामाग्री | होप टेक्नोलोजी सोलुसन समेत ३ | २२६२१५ |
| ३२०-२०७९।६।२१ | मसलन्द तथा कार्यालय सामाग्री | टेलिकट्रोनिक्स ईन्टरनेशनल समेत ४ | २६५५४० |
| ६३३-२०८०।३।२१ | मसलन्द तथा कार्यालय सामाग्री | राज डेकाेर हाेम | २७३५७० |
| २९६-२०८०।३।२० | फर्निचर तथा फिक्चर्स | डिला अर्डर एण्ड सप्लायर्स | ५८४७९५ |
| ७-२०७९।८।२१ | फर्निचर तथा फिक्चर्स | राज अर्डर एण्ड सप्लायर्स | ४४८७२० |

| | | | |
|---|---|---|---|
| ४-२०७९।६।१२ | फर्निचर तथा फिक्चर्स | राज अर्डर एण्ड सप्लायर्स समेत २ | १९३१०० |
| ३३-२०८०।०३।२३ | बोरिङ निर्माण खानेपानी आयोजना | विकास निर्माण सेवा | ९९५५९७ |
| ३९-२०८०।०२।२४ | बागदुला पक्कीपुल तटवन्धन | प्रभू निर्माण सेवा | ९९७५६५ |
| ७४-२०८०।०३।२३ | सप्तरीफाँट तटबन्ध | ताज कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ६३८८३० |
| ३२५-२०८०।०३।२३ | | प्रभू निर्माण सेवा | ९९७४६८ |
| २९५-२०८०।०३।१९ | थापाडाँडा खलंगा मोटरबाटो निर्माण | पूर्णिमा निर्माण | ८४८१५७ |

सैद्धान्तिक बेरुजु

४२.२ औषधि खरिदःसार्बजनिक खरिद नियमावली २०६४ को नियम ८५(१.क) मा २५ लाख रुपैया सम्मको औषधिजन्य मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रीयस्तरको समाचारपत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्री मुल्यमा मात्र सोझै खरिद गर्न सक्ने ब्यबस्था भएकोमा पालिकाले सो अनुसार उत्पादकको बिक्री मुल्य नलिइ निम्नानुसारको फर्मबाट सोझै खरिद गरेको छ।

| गो.भौ.न मिति | प्रयोजन | सप्लायर्स | रकम |
|---|---|---|---|
| ४७०-२०८०।०२।२१ | जेष्ठ नागरिक तथा स्वास्थ्य संस्थामा निशुल्क वितरण | मल्लरानी मेडिकोफर्मा | ९९६९३५ |
| ५३३-२०८०।०३।०५ | जेष्ठ नागरिक तथा स्वास्थ्य संस्थामा निशुल्क वितरण | संजिवनी फर्मा | ३६२०१५ |

| | | | |
|---|---|---|---|
| ५६५-२०८०।०३।१८ | जेष्ठ नागरिक तथा स्वास्थ्य संस्थामा निशुल्क वितरण | चुनचुन फार्मेसी | ४७३२५ |
| ५६५२०८०।०३।१८ | दुर्गम बस्तीमा विशेषज्ञ स्वास्थ्य शिविर | चुनचुन फार्मेसी | ३६२०१५ |
| ३०-२०७९।११।२० | आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | चिराग फार्पेसी प्रा.लि. | १०८११७० |
| ११३-२०८०।०३।१८ | आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | संजीवनी फर्मा | ६२२६९५ |
| जम्मा | | | ३४७२१५५ |

सैद्धान्तिक बेरुजु

४३ **शिक्षा तर्फ** - शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या | विद्यार्थी शिक्षक अनुपात निजि स्रोत बाहेक | निजि स्रोत |
|---|---|---|---|---|---|---|---|
| १ | जनता मा वि बाग्दुला | २२ | २२ | ९ | १९६२ | ८९ | १६ |
| २ | वालविद्या मा वि मजुवा | १५ | १५ | | ४४७ | ३० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | धर्मावती मा वि माझकोट | १३ | १३ | ७ | ६०० | ४६ | |
| ४ | जनविकास आ वि बाटुले | ४ | ४ | १ | १३४ | ३४ | १ |
| ५ | धर्मभक्त आ वि मानागाउँ | ७ | ७ | ४ | २२९ | ३३ | |
| ६ | बालज्योति आ वि गेजवाङ | ८ | ८ | ५ | २३८ | ३० | |
| ७ | आदर्श आ वि खप्रेङखोला | ७ | ७ | १ | २०५ | २९ | |
| ८ | मुक्ति मा वि रातामाटा | २३ | २३ | ११ | १४१५ | ६२ | ८ |
| ९ | जानकी मा वि चितिखोला | १० | १० | २ | ४५५ | ४६ | |
| १० | भूवनेश्वरी मा वि खैरा | १५ | १५ | ३ | ५४२ | ३६ | ४ |
| ११ | क्षेत्रविकास मा वि पुण्यखोला | ९ | ९ | ३ | ३८६ | ४३ | |
| १२ | सिद्ध मा वि जुम्रीकाँढा | ७ | ७ | ४ | ४५७ | ६५ | |
| १३ | जनता मा वि बाँस्वोट | ४ | ४ | २ | ३९० | ९८ | |
| १४ | भूमिश्वरी आ वि कुमिकोट | ६ | ६ | १ | १७७ | ३० | |
| १५ | शारदा आ वि सापडाँडा | ६ | ६ | | ३१७ | ५३ | १ |
| १६ | ने रा मा वि टारी | ९ | ९ | ३ | ३९९ | ४४ | १ |
| १७ | अरनिको आ वि हरिखोला | ७ | ७ | १ | ९२ | १३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८ | सरस्वती आ वि ओवाङ | ३ | ३ | | २३५ | ७८ | २ |
| १९ | सिद्धभूमि प्रा वि जुम्रीकाढाँ | ३ | ३ | | ७८ | २६ | १ |
| २० | दुर्गा प्रा वि मरेङ | २ | २ | २ | ३६ | १८ | |
| २१ | डिलेश्वरी प्रा वि सारिवाङ | ३ | ३ | | ५१ | १७ | १ |
| २२ | वालशिक्षा प्रा वि फुलबारी | १ | १ | १ | ३५ | ३५ | |
| २३ | नैना प्रा वि खोलीगाँउ | ३ | ३ | १ | १०३ | ३४ | १ |
| २४ | भानु प्रा वि पाखाचिती | ३ | ३ | १ | ४४ | १५ | १ |
| २५ | इन्छा प्रा वि माझकोट | १ | १ | १ | ४७ | ४७ | |
| २६ | ने रा प्रा वि पातिहाल्ना | ३ | ३ | | ५१ | १७ | |
| २७ | ने रा प्रा वि भेडाबारी | ३ | ३ | २ | ८० | २७ | १ |
| २८ | जनता प्रा वि छेपानी | ३ | ३ | २ | ६२ | २१ | |
| २९ | जनकल्याण प्रा वि नेपाने | २ | २ | | २६ | १३ | |
| ३० | भूमा प्रा वि ठुलासिम | ३ | ३ | २ | ७७ | २६ | |
| ३१ | जगदम्वा प्रा वि भित्रीकोट | ४ | ४ | १ | १०१ | २५ | |
| ३२ | त्रिवेणी प्रा वि बाँसखोला | ३ | ३ | ३ | १०६ | ३५ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३३ | विद्याभण्डार आ वि धंगे | ५ | ५ | २ | २१९ | ४४ | |
| ३४ | बालमन्दिर प्रा वि बिजुवार | ३ | ३ | १ | १२१ | ४० | १ |
| ३५ | कन्याकुमारी प्रा वि दाखाक्वाडी | ३ | ३ | २ | ८६ | २९ | १ |
| ३६ | सिद्धभुमि प्रा वि विजयनगर | १ | १ | १ | ३५ | ३५ | १ |
| ३७ | ज्ञानज्योती प्रा वि पातालकटेरी | २ | २ | २ | १६६ | ८३ | १ |
| ३८ | भूमिश्वरी प्रा वि हिङखोला | ३ | ३ | | ४८ | १६ | |
| ३९ | भूमेकास्थान प्रा वि कोलफेद | १ | १ | १ | ७२ | ७२ | १ |
| ४० | पशुपती प्रा वि दाखा | ३ | ३ | | १०६ | ३५ | |
